# ललितपुर महानगरपालिका,

## नगर कार्यपालिकाको कार्यालय, पुल्चोक ललितपुर

### नगर प्रहरी जवान (तहविहिन) पदको खुला प्रतियोतितात्मक परीक्षाको पाठ्यक्रमः

**नगर प्रहरी समूहः परीक्षा योजना (Examination Scheme)**

| क्र.सं | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम | प्रारम्भिक स्वास्थ्य परीक्षण | - | - |
| | | शारीरिक परीक्षण | - | - |
| २ | द्धितीय | लिखित परीक्षा | १०० | ४० |
| ३ | तृतीय | अन्तर्वार्ता | ३० | |
| | | शैक्षिक योग्यता | १० | |
| | | अनुभव तथा स्थानीय | १० | |

**प्रथम चरण**

**प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दुरुस्ती चरण**

**क. प्रारम्भिक स्वास्थ्य परीक्षण (फिजिकल फिट्नेस) मा अयोग्य हुने अवस्थाहरु**

१. अंगभंग/ हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठिक नभएको।

२. घुंडा Knee lock भएको (Knock Knee: दुवै खुट्टा जोडेर उभिंदा गोलिगाँठो बिच १० से.मी. भन्दा बढी Gap हुनु, Bow Legs: दुवै खुट्टा जोडेर उभिंदा घुंडा बिच ८ से.मी. भन्दा बढी Gap हुनु, अथवा Rickets भई फाटिएको।

३. धेरै चेप्टो पैताला भएको (भालु पाईले)।

४. प्रष्ट बोली नभएको/ भकभके,लठ्यौरो।

५. अस्वभाविक रुपमा उपड खापड दाँत वा दारा वाहिर निस्केको, एउटा भन्दा बढी वंगारा किराले खाएको वा झरेको, अगाडिको दाँत झरेको वा धेरै Gap भएको वा किराले खाएको, नक्कली दाँत लगाएको।

६. ढाड कुप्रो भएको।

७. शरीर पुरा झुकाउन नसक्ने।

८. जिउ कोल्टे परेको (बाङगो शरीर भएको)।

९. दुवी भएको।

१०. एक तिहाईबन्दा बढी कपाल झरेको,फुलेको वा रंगाएको।

११. उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको।

१२. आँखा डेढो भएको, Color Blind भएको, कुनै एक आँखा चिम्लन नसक्ने।

१३. शरीर मोटो तर हात खुट्टा झिनो देखिने।

१४. अनुहारमा १X१ से.मी. बन्दा बढि काटेको वा पोलेको वा अन्य कुनै किसिमको दाग भएको।

१५. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो) पुरुषको हकमा ५० के.जी. र महिलाको हकमा ४२ के.जी. तौल भन्दा कम भएको।

१६. शरीरको घाटीदेखि माथि, हातको कुमदेखि तलको भाग एवम् खुट्टाको घुंडादेखि तलको भागमा टयाटु मार्क बनाएको वा अस्वभाविक देखिने।

१७. शरिरमा २.५x२.५ से.मी. बन्दा बढि काटेको वा पोलेको वा अन्य कुनै किसिमको दाग भएको।

१८. भेरिकोच वा नशा फुल्ने भएको।

ख. **शारीरिक परीक्षण (वाधापार) परीक्षाः**

| **इभेन्ट्स** | **उत्तीर्ण** | |
|---|---|---|
| | **पुरुषको हकमा** | **महिलाको हकमा** |
| **३०० मि. दौड** | ५० सेकेण्ड भित्र | ६० सेकेण्ड भित्र |
| **सिट अप** | कम्तीमा १५ पटक | कम्तीमा ५ पटक |
| **पुस अप** | कम्तीमा १५ पटक | कम्तीमा ५ पटक |
| **चिन अप** | कम्तीमा ५ पटक | कम्तीमा १ पटक |
| **३.२ कि.मि. दौड** | १५ मिनेट भित्र | १८ मिनेट भित्र |

नोटः तोकिएको समय भित्र तोकिएको ईभेन्ट पुरा नगर्ने उम्मेदवारहरु छनौटका लागि अयोग्य हुनेछन्।

**द्वितीय चरण- लिखित परीक्षा**

**(पहिलो चरणमा उतिर्णाङ्क प्रास गरेका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सामेल हुन पाउनेछन्।)**

| **खण्ड** | **विषय** | **पूर्णाङ्क** | **परीक्षा प्रणाली र प्रश्न सङ्ख्या** | **समय** |
|---|---|---|---|---|
| क | नेपाली व्याकरण | ३० | नाम, सर्वनाम, विशेषण, स्वर वर्ण, व्यञ्जन वर्ण, काल -३० वटा प्रश्न। | **१ घण्टा १५ मिनेट** |
| ख | अङ्ग्रेजी | २० | Noun, Pronoun, Article, Tense, Translation - २० वटा प्रश्न। | |
| ग | गणित | २० | जोड, घटाउ, गुणन भाग, अङ्कमा अक्षरमा लेख्ने -२० वटा प्रश्न। | |
| घ | सामान्य ज्ञान, वौद्धिक ज्ञान | ३० | समसामयिक, ललितपुर महानगर सम्बन्धी, ट्राफिक लाइट सम्बन्धी तथा वौद्धिक ज्ञान सम्बन्धी -३० वटा प्रश्न। | |

१. यो पाठ्यक्रम अनुसार एक पत्रको लिखित परीक्षा सञ्चालन हुनेछ।

२. लिखित परीक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी वा दुवै हुनेछ।

३. परीक्षा योजना अनुसार वहुवैकल्पिक प्रश्न (Multiple Choice) अन्तर्गत ठिक/बेठिक छुट्याउने, जोडा मिलाउने तथा खालीठाँउ भर्ने प्रश्न् सोध्न सकिनेछ।

४. वहुवैकल्पिकप्रश्न (Multiple Choice) को उत्तर गलत भएमा २०% अङ्क कट्टा गरिनेछ।